कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, इलाम
इलाम, नेपाल

प.सं. : २०८३/०८४
च.नं.

मिति : २०८३/०५/०८
ने.सं. : ११४६

## सूचना । सूचना ।। सुचना ।।।

**विषयः सामुदायिक वन उपभोक्ता समूहहरुले स्थायी लेखा नम्बर लिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार आर्थिक ऐन २०८३ को दफा ४० अनुसार कुनै व्यक्तिले विगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गरी आयकर दाखिला नगरेको भएमा त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७९।०८० देखि २०८२।०८३ सम्मको आय विवरण संवत् २०८३ साल पुस मसान्त सम्ममा दाखिला गरी सो बमोजिम लाग्ने कर दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा व्याज रकम मिनाहा हुने व्यवस्था गरेको हुनाले स्थायी लेखा नम्बर लिन बाँकी रहेका यस जिल्लाका सामुदायिक वन उपभोक्ता समूहहरुले तपसिल बमोजिमको कागजातहरु सहित छुट अवधि २०८३ पुष मसान्त भित्र स्थायी लेखा नम्बर लिनुहुन साथै थप जानकारीको लागि सम्बन्धित सब डिभिजन वन कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपसिल

१. समूह दर्ताको प्रमाणपत्र
२. समूहको विधानको फोटोकपी
३. विगत ४ आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन
४. समितिका पदाधिकारीहरु (अध्यक्ष, सचिव र कोषाध्यक्ष) को व्यक्तिगत पान नं. र नागरिकताको फोटोकपी

स्थायी लेखा नम्बर लिनु हरेक व्यक्ति/ संस्थाको आर्थिक तथा कानूनी पहिचान हो । राज्यप्रति सबैको जिम्मेवारी र कर्तव्य हो।